# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, भदौ ४ गते २०५५ साल (अतिरिक्तांक ३३

## भाग ३

### निर्वाचन आयोगको

### सूचना १

निर्वाचन आयोगले निर्वाचनको प्रयोजनको लागि खण्ड ४४, अतिरिक्ताङ्क २६, मिति २०५१/५/२२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस आयोगको सूचना १ को खण्ड ख. बमोजिमका ७० वटा स्वतन्त्र निर्वाचन चिन्हहरुको समूहमा खण्ड ४८, अतिरिक्ताङ्क २१, मिति २०५५/३/४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस आयोगको सूचना अनुसार ३१ वटा निर्वाचन चिन्हहरु थप गरी कायम हुन आएको निर्वाचन चिन्हरुको समूहमा पुनः देहाय बमोजिमका ३ वटा निर्वाचन चिन्हहरु थप गरेको छ।

| सि.नं. | निर्वाचनचिन्हहरु | |
|---|---|---|
| १. | औलामा चक्र |  |
| २. | चक्का (गोरु गाडाको) |  |
| ३. | मान्छेले जोतिरहेको हलो। |  |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

खण्ड ४८, अतिरिक्ताङ्क १८, मिति २०५५/२/२५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस आयोगको सूचना अनुसार निर्वाचन प्रयोजनको लागि आफ्नो नाम दर्ता गराउन यस आयोगमा दिएको निवेदन उपर कारबाही हुँदा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ को उपधारा (१) बमोजिम देहायका राजनैतिक संगठन वा दलहरुको नाम निर्वाचन प्रयोजनको लागि मान्यता प्राप्त नभएको राजनैतिक संगठन वा दलका रुपमा दर्ता गर्ने निर्णय भएको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

१. नेपाल पार्टी
२. नेपाल शान्ति क्षेत्र परिषद
३. नेपाल राष्ट्रिय जनता पार्टी
४. हरियाली नेपाल पार्टी

## सूचना ३

निर्वाचनको प्रयोजनको लागि मान्यता प्राप्त नभएका राजनैतिक संगठन वा दलको रुपमा यस आयोगमा दर्ता भएका देहायका राजनैतिक संगठन वा दलहरुलाई यस आयोगले निर्धारण गरेको स्वतन्त्र निर्वाचन चिन्हहरुको समूहबाट देहायका निर्वाचन चिन्हहरु तोकेको छ । निर्वाचनको प्रयोजनको लागि मान्यता प्राप्त नभएका राजनैतिक संगठन वा दलको रुपमा यस आयोगमा दर्ता भएका राजनैतिक संगठन वा दलले कुनै निर्वाचन क्षेत्रमा आफ्नो उम्मेदवार खडा नगरेको अवस्थामा भने त्यस्ता संगठन वा दलको लागि तोकिएको निर्वाचन चिन्ह निर्वाचन अधिकृतले सो निर्वाचन क्षेत्रमा स्वतन्त्र उम्मेदवारलाई प्रदान गर्न सक्नेछ ।

| सि.नं. | संगठन वा दलको नाम | निर्वाचनचिन्हहरु | |
|---|---|---|---|
| १. | जन कांग्रेस | औलामा चक्र |  |
| २. | जनमुक्ति पार्टी, नेपाल | भऱ्याङ |  |
| ३. | नेपाल गोर्खा राष्ट्रिय मुक्तिमोर्चा | खुकुरी |  |
| ४. | नेपाली जनता दल | चक्का (गोरु गाडाको) |  |
| ५. | मेची महाकाली जन-समन्वय दल | हाँस |  |
| ६. | राष्ट्रिय जनमोर्चा | गिलास |  |



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ७. | शुद्ध प्रजातान्त्रिक पार्टी, नेपाल | गुलाफको फूल |  |
| ८. | समाजवादी पार्टी | मोटरसाइकल |  |
| ९. | राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) | मान्छेले जोतिरहेको हलो |  |
| १०. | नेपाल पार्टी | आमाको काखमा बच्चा |  |
| ११. | नेपाल शान्ति क्षेत्र परिषद | जोडा हात |  |
| १२. | नेपाल राष्ट्रिय जनता पार्टी | किताब |  |
| १३. | हरियाली नेपाल पार्टी | आँप |  |

## सूचना ४

स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ को दफा ३६ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले २०५५ साल असोज २ गते सम्पन्न हुने जिल्ला विकास समितिहरुको सभापति, उपसभापति र सदस्यहरुको निर्वाचनको लागि मतपत्रमा छाप लगाई मतदान गर्ने प्रयोजनको लागि देहाय बमोजिमको चिन्ह तोकेको छ ।

मत संकेत गर्ने चिन्ह :- स्वस्तिक चिन्ह 

## सूचना ५

स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ को दफा ३२ को उपदफा (१) को प्रयोजनको लागि निर्वाचन आयोगले २०५५ साल असोज २ गते सम्पन्न हुने जिल्ला विकास समितिहरुको निर्वाचनको लागि देहाय बमोजिमको मतपत्र तोकेको छ ।



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३८६

## मतपत्रको ढाँचा

जिल्ला विकास समिति निर्वाचन, २०५५

जि.वि.स......................

इलाका नं................

मतदाताको क्रमसंख्या .....................

मतदाताको सहीछाप

- - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - -




..............................
मतदान अधिकृतको सही



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**दृष्टव्य** :

१. जिल्ला विकास समितिको निर्वाचनमा प्रयोग हुने मतपत्रमा २०५१ सालको आम निर्वाचनमा भाग लिई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ को उपधारा (२) को खण्ड (घ) बमोजिमको शर्त पूरा गरेका राजनैतिक संगठन वा दलले मनोनीत गरेको उम्मेदवारको निर्वाचन चिन्ह सो राजनैतिक दललाई निर्वाचन आयोगले प्रदान गरेको निर्वाचन चिन्ह नै राजनैतिक दलको वर्णानुक्रम अनुसार रहने छ ।

२. मतपत्रमा खण्ड (१) बमोजिमको निर्वाचन चिन्ह पछि स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ को दफा २७ को उपदफा (३) बमोजिम आयोगबाट स्वतन्त्र उम्मेदवारहरुको लागि प्रत्येक पदको निमित्त निर्धारण गरिए बमोजिम निर्वाचन चिन्हहरु राखिने छ ।

३. सेतो कागजमा हल्का पहेंलो रंगमा "निर्वाचन आयोग" भन्ने शव्दहरु पूरा पृष्ठमा अंकित गरी मतपत्रको अधकट्टीको विवरण,मतपत्रको मुख्य भागको विवरण, निर्वाचन चिन्हहरु, प्रत्येक पदको चिन्हहरु छुट्‌याउने ठाडो धर्सोहरु र मत संकेत गरिने कोठाका रेखाहरु सिम्रिक रंगमा मेटल अफसेट प्रविधिद्वारा छपाई गरिने छ ।

४. मतपत्रको अधकट्टीको माथिल्लो भागमा ठूलो अक्षरले **"जिल्ला विकास समिति निर्वाचन, २०५५"** लेखिने छ र त्यसकोमुनि बायाँपट्टिको भागमा सानो अक्षरमा "जि.वि.स." त्यसकोमुनि "इलाका नं." र त्यसकोमुनि "मतदाताको क्रमसंख्या" लेखी दायाँपट्टिको भागमा सानो अक्षरमा कोठाभित्र "मतदाताको सहीछाप" लेखिने छ ।

५. मतपत्रको माथिल्लो भागको अधकट्टी र मतदातालाई दिने मतपत्रको मुख्य भागको वीचमा मतपत्र छुट्टिने गरी च्यात्न सजिलो पार्न प्वाल (परफोरेशन) पारिने छ ।

६. मतपत्रको परफोरेशन गरेको रेखाको माथिल्लो अधकट्टी एकभाग र परफोरेशन रेखाको तल मुख्य एकभाग गरी दुईभाग राखिने छ ।

७. मतपत्रको माथिल्लो अधकट्टीको भाग देहायबमोजिम हुने छ :-

**जिल्ला विकास समिति निर्वाचन, २०५५**

जि.वि.स.......................

इलाका नं................

मतदाताको क्रमसंख्या .....................

| |
|---|
| मतदाताको सहीछाप |

८. मतपत्रको मुख्य भागको शिरमा **"जिल्ला विकास समिति निर्वाचन, २०५५"** अंकित गरी त्यसकोमुनि तेर्सो धर्सो तानी एउटै मतपत्रमा पहिलो क्रममा सानो अक्षरमा मतपत्र, त्यसकोमुनि १, ठुलो अक्षरमा **सभापति** दोश्रो क्रममा सानो अक्षरमा मतपत्र, त्यसको मुनि २, ठुलो अक्षरमा **उपसभापति** र तेश्रो क्रममा सानो अक्षरमा मतपत्र, त्यसको मुनि ३, ठूलो अक्षरमा **सदस्य**को लागि प्रकरण १ र २ बमोजिम निर्वाचन चिन्ह मिलाई मतपत्र छापिने छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. मतपत्रमा दायाँ बायाँ निर्वाचन चिन्ह रहेको ठाडो दुवै धर्साहरुमा सेतो पृष्ठभूमिमा प्रमुख निर्वाचन आयुक्तको दस्तखत हुने छ।

१०. मतपत्रमा ३ पदको निर्वाचन चिन्हहरु छुट्याउन २ से.मी. मोटाईको दुइवटा ठाडा धर्सा हुने छन् ।

११. निर्वाचन चिन्हहरुको बीचमा रहने तेर्सो रेखाको मोटाई १ मि.मी. हुने छ।

१२. मतपत्रको पूरा लम्बाइ १२ से.मि. र चौडाई १७ से.मी. हुने छ र उम्मेदवारको चिन्हको लागि स्थानको लम्बाइ ५ से.मी. र चौडाई २ से.मी. राखिएको छ। सोही स्थानमा मत संकेत गर्ने व्यवस्था मिलाइएको छ।

१३. प्रत्येक मतपत्रको पुछारको दायाँ छेउमा मतदान अधिकृतले सहीगर्ने स्थान अंकित हुने छ।

१४. निर्वाचनको लागि मतपत्रको तल्लो मुख्यभाग देहाय बमोजिम हुने छ :–

**जिल्ला विकास समिति निर्वाचन, २०५५**

| मतपत्र **सभापति** | मतपत्र **उपसभापति** | मतपत्र **सदस्य** |
|---|---|---|
| १ | २ | ३ |

१५. मतपत्रको अधकट्टीको पछाडि क्रमसंख्या अंकित हुनेछ।

आज्ञाले,

पुरुषोत्तम ढकाल
निर्वाचन आयोगको का.मु.सचिव

४०



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।